**सम्बत् २०७५ साल साउन २९ गते मङ्गलबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतमा श्री सुशील ज्ञवालीलाई नियुक्त गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रदेश नं. २ का सामाजिक विकास मन्त्रीको मौरिसस भ्रमण स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय— निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको अध्यक्षमा महालेखा नियन्त्रक श्री सुरेश प्रधानलाई तोक्ने।

४. अर्थ मन्त्रालय— कर सम्बन्धी विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति गठन गर्ने ।

५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय— केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्मा विचाराधीन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा समावेश गरी एउटै केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

६. खानेपानी मन्त्रालय— भारतको नयाँ दिल्लीमा हुने कार्यक्रममा सहभागी हुन मा.मन्त्रीज्यूलाई स्वीकृति दिने ।

७. खानेपानी मन्त्रालय— मेलम्ची खानेपानी पाईपलाईन विछ्याउने क्रममा काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १२, तेन्जिङ्ग चोकको जग्गा जम्मा क्षेत्रफल ०-९-२-० र सो मा रहेको घर टहरा समेत जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४(१) बमोजिम अधिग्रहण गर्न स्वीकृति दिने ।

८. गृह मन्त्रालय— वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

९. गृह मन्त्रालय— बंगलादेशको राजधानी ढाकामा आयोजना हुने Forum of Election Management Bodies of South Asia- FFMBOSA को नवौं बैठकमा नेपालको तर्फबाट भाग लिन माननीय प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवको नेतृत्वमा देहायको २ (दुई) सदस्यीय प्रतिनिधिमण्डललाई भ्रमण स्वीकृति प्रदान गर्ने ।

१०. गृह मन्त्रालय— निर्वाचन आयोगले मतदाता नामावलीको विद्युतीय तथ्यांक विवरण नेपाल सरकारलाई उपलब्ध गराउने ।

११. गृह मन्त्रालय— २०७५ भाद्र १४ गतेदेखि १५ गतेसम्म काठमाडौंमा आयोजना हुने चौथो बिमस्टेक शिखर सम्मेलनका लागि द्रुत प्रक्रिया (Fast Track) अवलम्बन गरी खरिद गर्ने ।

१२. परराष्ट्र मन्त्रालय— परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समितिको पुनर्गठन गर्ने ।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय— भूमि सम्बन्धी (सातौं संशोधन) विधेयक, २०७५ संघीय संसद समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१४. युवा तथा खेलकुद मन्त्रालय— सन् २०१८ को अगष्ट १८ देखि सेप्टेम्बर २ सम्म मित्रराष्ट्र इन्डोनेसियाको जाकार्ता शहरमा आयोजना हुने १८औं एशियाली खेलमा युवा तथा खेलकुद मन्त्री श्री जगत बहादुर सुनार(विश्वकर्मा) र सचिव श्री मोहनकृष्ण सापकोटालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।

१५. रक्षा मन्त्रालय— United Nations Interim Force in Lebanon (UNIFIL) मिशनमा Deputy Force Commander (UN Contracted, D-2 Level) को नियुक्तिमा कार्यरत नेपाली सेनाका उपरथी श्री शिवराम खरेलको १ (एक) वर्षसम्म Contract Extension गर्न स्वीकृति दिने ।

१६. वन तथा वातावरण मन्त्रालय— सिद्धार्थ केवलकार योजना सन्चालन गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

१७. वन तथा वातावरण मन्त्रालय— मन्थली अस्पताल निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१९. बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रस्ताव मिति २०७५/४/१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/२१ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जित यसैसाथ संलग्न "बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" मिति २०७५/४/२३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा उक्त विधेयकलाई आवश्यक परिमार्जन गरी पेश गर्न नेपाल सरकारका मुख्यसचिव; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिवहरूलाई जिम्मेवारी दिएबमोजिम आवश्यक परिमार्जन गरी पेश गरेको "बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२०. खाद्य तथा खाद्य संप्रभुताको अधिकार सम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रस्ताव मिति २०७५/४/१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/२१ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जित "खाद्य तथा खाद्य संप्रभुताको अधिकार सम्बन्धी विधेयक" मिति २०७५/४/२३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा उक्त विधेयकलाई आवश्यक परिमार्जन गरी पेश गर्न नेपाल सरकारका मुख्यसचिव; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवहरूलाई जिम्मेवारी दिएबमोजिम आवश्यक परिमार्जन गरी पेश गरेको "खाद्य तथा खाद्य संप्रभुताको अधिकार सम्बन्धी विधेयक" आजको मन्त्रिपरिषद्को बैठकमा छलफल हुँदा संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२१. बोनस (चौथो संशोधन) नियमावली, २०७५ स्वीकृति गर्ने विषयको अर्थ मन्त्रालयको प्रस्ताव मिति २०७५/३/२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति ०७५/३/२८ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. रोजगारीको हक सम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्ताव मिति २०७५।४।२३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा

"मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/२७ को मन्त्रिपरिषद्, विधेयक समितिबाट परिमार्जित "रोजगारीको हक सम्बन्धी विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

२३. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्ताव मिति ०७५/४/१० को बैठकबाट "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति ०७५/४/१५ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जन सहित पेश भएको "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक" पुनः छलफल गरी पेश गर्न मन्त्रिपरिषद्, विधेयक समितिमा पठाउने ।

२४. देहायका व्यक्तिहरूलाई उपचार खर्चबापत देहायबमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउने ।

१. जनिमाया थापा मगरको निवेदनलाई दृष्टिगरी पूर्वमन्त्री पूर्णकुमार शेर्मा लिम्बुलाई दश लाख रुपैयाँ ।

२. लमजुङ दोर्दी गा.पा.-३ निवासी लोकतारा घिमिरेलाई पाँच लाख रुपैयाँ ।

३. रूपन्देही, सिपारी गाउँ पालिका वडा नं. ६ मिलनचोक निवासी भवानी शंकर सापकोटालाई पाँच लाख रुपैयाँ ।

२५. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/१/२४ को बैठकबाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक श्री कामिनी राजभण्डारीलाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७२ को दफा ११ को खण्ड (क) बमोजिम स्पष्टीकरण माग गरिएकोमा निजले मिति २०७५/२/२ मा पेश गरेको स्पष्टीकरण र कम्पनीको साधारणसभाबाट पारित भएको आर्थिक वर्ष ०७३/७४ को प्रतिवेदनमा उल्लिखित तथ्याङ्कहरू तथा प्रगति विश्लेषण गर्दा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक श्री कामिनी राजभण्डारीले प्रबन्ध निर्देशक नियुक्त भएपछि हालसम्म निजले गरेको कार्यको मूल्याङ्कन गर्दा समग्र कार्यसम्पादन सन्तोषजनक नरहेको; नेपाल दूरसञ्चार कम्पनी सञ्चालक समितिको सिफारिस एवं नेपाल सरकार, मन्त्रिपरिषद्ले दिएको निर्देशनमा उल्लिखित विषयहरूमा सुधार ल्याउन तथा कम्पनीको साखलाई कायम राख्न तथा थप प्रवर्द्धन गर्न नसकेको; प्रबन्ध निर्देशकले निर्वाह गर्नुपर्ने भूमिका सन्तोषजनक रूपमा निर्वाह गरेको नपाइएको; नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको व्यवस्थापकीय क्षमता अभिवृद्धि, सेवाको विस्तार र गुणस्तरमा सुधार एवं नेपाल टेलिकमबाट प्रदान गर्ने सेवामा सहज सरल पहुँच पुर्‍याउन सकेको देखिएन र नेपाल सरकारले स्पष्टीकरणमा सोधेका विषयहरूलाई निजले तथ्य, आधार र कारणसहित प्रष्ट पार्न नसकेकोले निजको कार्यसम्पादन प्रभावकारी रहेको भन्ने निजको भनाई विश्वसनीय रूपले पुष्टी गर्न सकेको नदेखिएकाले निज कामिनी राजभण्डारीलाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७२ को दफा ११ को खण्ड (क) बमोजिम सो कम्पनीको प्रबन्ध निर्देशक पदबाट हटाउने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

**सम्बत् २०७५ साल साउन २५ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेडलाई मर्ज गरी राष्ट्रिय आपूर्ति कम्पनी स्थापना गर्ने।

२. गृह मन्त्रालय— राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार क्षतिपूर्ति रकम उपलव्ध गराउन निर्धारण गरी प्राप्त निर्णयानुसार नुवाकोट जिल्ला सुनखानी गा.वि.स.वडा नं.९ बस्ने अर्जुन पाण्डेका नजिकका हकवालालाई रु. ३(तीन) लाख, बर्दिया जिल्ला राजापुर न.पा.वडा नं. ६ बस्ने गयाप्रसाद चौधरीलाई रु. १(एक) लाख र रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं.२ निवासी वेद प्रसाद रेग्मीलाई रु.१(एक) लाख गरी ३ जनालाई क्षतिपूर्ति रकम आर्थिक सहायता उपलव्ध गराउने ।

३. गृह मन्त्रालय— ७-१० अगस्ट २०१८ सम्म भारतको नयाँदिल्लीमा आयोजना हुने Third coordination Committee को बैठकमा नेपालको तर्फबाट सहभागि हुनको लागि सशस्त्र प्रहरी महानिरीक्षकको नेतृत्वमा देहायको ७(सात) सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने।

४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय— गरिब घरपरिवार सहयोग समन्वय बोर्ड खारेज गर्ने ।

५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— हाललाई चितवनमा बालसुधार गृह सञ्चालन नगर्ने गरी मकवानपुर र डोटीमा बालसुधार गृह सञ्चालन गर्ने ।

६. वन तथा वातावरण मन्त्रालय— थाइल्याण्डको वैंककमा आयोजना गरेको United Nations Climate Change Conference को Additional Sessions मा भाग लिन वन तथा वातावरण मन्त्रालयका सचिव डा. विश्वनाथ ओलीलाई स्वीकृति दिने ।

७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा-९ उपदफा १ को खण्ड (छ) बमोजिम श्री केशव प्रसाद भट्टराई, श्रीमती जीवन प्रभा लामा र श्री मेघराज दंगाललाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी समितिको सदस्य पदमा मनोनयन गर्ने।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय—

(क) प्रदेश मन्त्रालय वा अन्तर्गतको स्वीकृत संगठन संरचना तथा दरवन्दीमा सेवा समूह संचालन गर्ने मन्त्रालय वा केन्द्रीय निकायले कर्मचारी समायोजन ऐन, २०७४ तथा कर्मचारी समायोजन नियमावली, २०७४ बमोजिम कर्मचारी समायोजन नभए सम्म कर्मचारीहरुलाई कामकाज गर्न खटाउँदा राजपत्रांकित द्वितीय श्रेणी वा सो सरह तथा सो भन्दा मुनिका कर्मचारीहरुलाइ एकमुष्ठ रुपमा प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउने ।

(ख) यसरी वुँदा नं (क) वमोजिम खटिएका र यसपूर्व कामकाज गरिरहेका कर्मचारीहरुलाई प्रदेश मन्त्रालय एवं प्रदेशस्तरका निकायहरुको स्वीकृत संगठन संरचना तथा दरवन्दीको सम्वन्धित सेवा, समूह, उपसमूह तथा श्रेणीको पदमा कामकाज गर्न खटाउने अधिकार प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवलाई प्रत्यायोजन गर्ने ।

(ग) यसरी खटाइएका कर्मचारीहरुको अद्यावधिक विवरण केन्द्रीय अभिलेख प्रयोजनका लागि प्रदेशमा रहने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सेवा समूह संचालन गर्ने मन्त्रालय वा केन्द्रीय निकायमा उपलव्ध गराउने ।

(घ) यसरी खटाइएका कर्मचारीहरुको कानून वमोजिम अध्ययन र असाधारण विदा वाहेकका अन्य विदा, काज स्वीकृत गर्ने र कुनै कर्मचारीलाइ पुरस्कृत गर्नु पर्ने भए सो को आधार र कारण खोलि सिफारिश गर्ने एवं विभागिय कारवाही गर्नु पर्ने भएमा आवश्यक छानवीन गरी कसूर र सजाय प्रस्ताव गरी सेवा समूह संचालन गर्ने मन्त्रालय वा केन्द्रीय निकायमा पठाउने कार्य निजामती सेवा ऐन, २०४९ निजामती सेवा नियमावली, २०५० सुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ तथा सुशासन (संचालन तथा व्यवस्थापन) नियमावली, २०६५ वमोजिम गर्ने गराउने जिम्मेवारी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवलाई दिने ।

९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पदमा नियुक्ति सिफारिस गर्न गठित सिफारिस समितिको कार्यशर्त संशोधन गर्ने ।

१०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— भियतनामको हनोई सहरमा आयोजना हुने ३th edition of the Indian ocean Conference. २०१८ मा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री सहभागी हुन स्वीकृति दिने ।

११. जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रस्ताव मिति २०७५।४।२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५।०४।२२ को बैठकबाट परिमार्जित "जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

१२. Norms for rate Analysis of road and bridge works-2075 स्वीकृति विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रस्ताव मिति २०७५/३/३२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति ०७५/४/९ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**सम्बत् २०७५ साल साउन २३ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ लाई कायम राख्दै वर्तमान राष्ट्रिय योजना आयोगलाई निरन्तरता दिने ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— चालु आ.व. २०७५/७६ को लागि वर्षे धानको न्यूनतम समर्थन मूल्य मोटा धानको रु २३३१.२२ र मध्यम धानको रु २४६०.५७ प्रति क्वीण्टल तोक्ने । उक्त न्यूनतम समर्थन मूल्यको कार्यान्वयन कार्ययोजना तयार गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल सरकार (मं.प.) समक्ष यथाशिघ्र पेश गर्ने ।

३. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय— सैनिक ऐन,२०६३ को दफा ११९ को उपदफा (१) बमोजिम सैनिक विशेष अदालतको अध्यक्ष पदमा अदालतको कामकाज समेत गर्ने गरी उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री रमेश पोखरेललाई तोक्ने

४. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय— भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ को उपदफा (२) बमोजिम पुनरावेदन समितिको अध्यक्ष पदमा अदालतको कामकाज समेत गर्ने गरी उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री रेवन्त कुँवरलाई तोक्ने ।

५. गृह मन्त्रालय— जिल्ला प्रशासन कार्यालय, पाल्पामा कार्यरत प्रमुख जिल्ला अधिकारी (सह-सचिव) श्री बिष्णु प्रसाद ढकालले पेश गर्नु भएको राजीनामा स्वीकृत गर्ने।

६. गृह मन्त्रालय— राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरूको मर्यादाक्रम स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— Manila, Phillipines मा हुने "६th ADB Transport Forum-Financing the Future of Transport in Asia and the Pacific" विषयक कार्यक्रममा सचिव श्री मुदुसुधन अधिकारीलाई भाग लिन जान स्वीकृति प्रदान गर्ने ।

८. रक्षा मन्त्रालय— युगाण्डाको कम्पालामा MONUSCO मिशन, कंगोमा तैनाथ फौजको लागि आवश्यक Major Equipment तर्फका सवारी साधनहरु खरिद गर्न नेपाली सेनाका उपरथी सुवर्ण बहादुर शाहलाई पठाउन स्वीकृति दिने ।

९. रक्षा मन्त्रालय— अमेरिकाद्वारा जापानको टोकियोमा संचालन गर्ने Pacific Area Senior Officer Logistics Seminar (PASOLS) – ४७ मा नेपाली सेनाका उपरथी शशि चन्द्र बहादुर सिंहलाई सहभागी हुन स्वीकृति दिने ।

१०. वन तथा वातावरण मन्त्रालय— गैह्रकर राजस्वको दर संशोधन तथा पुनरावलोकन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

११. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय— रोजगारीको हक सम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— जातीय सिफारिस तथा प्रमाणपत्र वितरणको काम नगर/गाउँपालिकालाई हस्तान्तरण गर्ने ।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) मा भएको व्यवस्था अनुसार कास्की जिल्लाको पोखरा लेखनाथ महानगरपालिकाको

नाम हेरफेर गरी पोखरा महानगरपालिका कायम गरी नेपाल राजपत्रमा सूचना प्रकाशनको लागि स्वीकृति प्रदान गर्ने ।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— कोरिया नेपाल मैत्री अस्पताल विकास समिति (गठन) आदेश २०६६ खारेज गर्ने ।

१६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— प्रदेश नं १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा सहसचिव श्री केदार न्यौपानेलाई कायम मुकायम मुकरर गर्ने।

१७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— Ethiopia को Addis Ababa मा सञ्चालन हुने UPU को २nd Extraordinary Congress मा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटालाई भाग लिन स्वीकृति दिने ।

१८. सहरी विकास मन्त्रालय—

१.अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (आदेश) २०७३, र सो अन्तर्गत गठन भएको अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति कायम राखी संयुक्त राष्ट्र संघ पार्क विकास समिति (गठन) आदेश, २०५२ वमोजीम गठन भएको संयुक्त राष्ट्र संघ पार्क विकास समितले गर्ने काम र सम्पत्ती तथा दायित्व समेत अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिमा हस्तान्तरण गरी संयुक्त राष्ट्र संघ पार्क विकास समिति (गठन) आदेश २०५२, र सो अन्तर्गत गठन भएको संयुक्त राष्ट्र संघ पार्क विकास समिति खारेज गर्ने ।

२. सिंहदरबार सचिवालय पुनर्निर्माण समिति (गठन) आदेश २०३०, खारेज गरि सो अन्तर्गत समितिले गर्ने कार्यहरु र सम्पत्ति तथा दायित्व सहरी विकास तथा भवन निर्माण विभाग मातहतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयमा हस्तान्तरण गर्ने ।

३. अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश २०५१, र सो अन्तर्गत गठन भएको अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति संघीय संसद भवन निर्माण नहुन्जेलसम्म कायम राख्ने ।

१९. जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् समक्ष पेश गर्न स्वीकृति दिने विषयको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मिति २०७५/४/१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१७ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

२०. आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्ने विषयको सहरी विकास मन्त्रालयको प्रस्ताव मिति २०७५/४/१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१७ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

२१. सामाजिक सुरक्षा सम्बन्धी विधेयक संघीय संसद् समक्ष पेश गर्न स्वीकृति दिने विषयको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मिति २०७५/४/१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१७ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "सामाजिक सुरक्षा सम्बन्धी विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

२२. अपराधबाट पीडितको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्ताव मिति २०७५/४/१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/२२ को मन्त्रिपरिषद्, विधेयक समितिबाट पेश भएको यसैसाथ संलग्न "अपराधबाट पीडितको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

२३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५ बुटवलको प्रमुख सचिव पदमा पदाधिकार रही काठमाडौं महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत (रा.प. विशिष्ट) पदमा कामकाज गर्न खटाइएका श्री यादवप्रसाद कोइरालालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ विराटनगरको प्रमुख सचिव पदमा पदाधिकार राखी साविकबमोजिम नै कामकाज गर्न खटाउने ।

२४. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ३, हेटौंडाका प्रमुख सचिव श्री रेश्मीराज पाण्डेलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरुवा गर्ने ।

२५. बढुवा समितिको सिफारिसअनुसार नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा देहायका उम्मेदवारहरूलाई बढुवा गरी देहायबमोजिम पदस्थापन गर्ने –

| क्र.सं. | नाम, थर | साविक पद र कार्यालय | पदस्थापन भएको कार्यालय |
|---|---|---|---|
| १. | श्री तीर्थराज ढकाल | का.मु. प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल |
| २. | श्री आनन्दराज ढकाल | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ३, हेटौंडा |

२६. निजामती सेवा ऐन, २०४९ को दफा २०(१) बमोजिम गठित बढुवा समितिको सिफारिसअनुसार निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (ख) (२) बमोजिम नेपाल लेखापरीक्षण सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा नायव महालेखापरीक्षक श्री राममाया कुँवरलाई बढुवा गरी महालेखा परीक्षकको कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा पदस्थापन गर्ने ।

२७. रामेछाप न.पा.-५, रामेछाप निवासी श्री भीमबहादुर श्रेष्ठलाई स्वास्थ्योपचार वापत दश लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

२८. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७५/१/२० गते बसेको ७६९औं बैठकबाट नेपाल दूरसञ्चार कम्पनीका प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधासम्बन्धी निर्देशिका, २०७२ को दफा ११ को खण्ड (क) बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक श्री कामिनी राजभण्डारीले सन्तोषजनक काम गरेको नदेखिएको सिफारिसका आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/१/२४ को निर्णयबमोजिम निजसँग स्पष्टीकरण माग गरिएको र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/२/२७ को निर्णयबमोजिम निजको नियुक्तिसम्बन्धी निर्देशिका र मन्त्रालयसँग गरेको कार्यसम्पादन सम्झौताबमोजिम सूचकाङ्कको न्यूनतम अङ्क हासिल नगरेको; नेपाल टेलिकमअर्न्तगत सञ्चालित परियोजनाहरू निर्धारित समय, लागत, परिणाम र गुणस्तरमा सम्पन्न नगरेको; पूर्वाधार विस्तार नहुँदा नेटवर्क विस्तारसहित सेवा सुविधामा विस्तार, ग्राहक सङ्ख्या र राजस्व वृद्धिमा नकरात्मक असर गरेको हुँदा निज प्रबन्ध निर्देशक श्री कामिनी राजभण्डारीलाई सचेत गराउँदै समग्र कार्यसम्पादनमा उल्लेख्य सुधार गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत निर्देशन दिइएकोमा सो निर्देशनअनुरूप निजले कम्पनीअर्न्तगतका परियोजना कार्यान्वयन, पूर्वाधार विकास, नेटवर्क विस्तार, ग्राहक सङ्ख्या र राजस्व वृद्धि, सेवा सुविधाको गुणस्तरमा सुधार र समग्र कार्यसम्पादनमा उल्लेख्य सुधार गर्न दिइएको निर्देशन कार्यान्वयन गर्नेतर्फ कुनै किसिमको अग्रसरता र पहलकदमी देखाएको नपाइएकोले निजले जिम्मेवारी र भूमिका निर्वाह गरेको भन्ने वस्तुगत अवस्था र आधार देखिन नआएको हुँदा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक श्री कामिनी राजभण्डारीलाई नेपाल दूरसञ्चार कम्पनीका प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधासम्बन्धी निर्देशिका, २०७२ को दफा ११ को खण्ड (क) बमोजिम कम्पनीको प्रबन्ध निर्देशक पदबाट किन नहटाउने ? पदबाट हटाउनु नपर्ने कुनै कारण र आधारहरू भए निजसँग ३ (तीन) दिनको म्याद दिई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवमार्फत पुनः स्पष्टीकरण माग गरी प्राप्त स्पष्टीकरण वा समयमा स्पष्टीकरण नदिए सोही व्यहोरा उल्लेख गरी मन्त्रपरिषद्समक्ष पेश गर्ने ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

**सम्बत् २०७५ साल साउन २० गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. युवा तथा खेलकुद मन्त्रालय— कागेश्वरी मनोहरा न.पा. वडा नं.६(साविक मूलपानी गा.वि.स.) स्थित मूलपानी क्रिकेट मैदानको गुरुयोजना भित्र परेका दश जना जग्गाधनीहरुको स्वामित्वमा रहेको २ रोपनी १४ आना ३ पैसा जग्गा नेपाल सरकारको स्वामित्वमा लिई राष्ट्रिय खेलकुद परिषद्लाई साविक बमोजिम नै भोगचलनको अवस्थामा उपयोग गर्न पाउने व्यवस्था गर्ने र राष्ट्रिय खेलकुद परिषद्को भोगचलनमा रहेको २९४ रोपनी १ आना १ पैसा मध्येबाट क्रिकेट मैदानको गुरुयोजना बाहिर परेको साविक मूलपानी गा.वि.स. अन्तर्गतको नक्सा नं. ८ख को कि.नं. ४३ र ८ग को कि.नं. ४१को टुक्रा जग्गा मध्येबाट राष्ट्रिय खेलकुद परिषद्को सिफारिश र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सहमति बमोजिम २ रोपनी १४ आना ३ पैसा क्षेत्रफल बरावरको जग्गा दश जना जग्गाधनीहरुलाई उपलब्ध गराई सट्टापट्टा गर्ने।

२. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय—वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्यकारी निर्देशक पदमा श्री राजन प्रसाद श्रेष्ठलाई नियुक्त गर्ने ।

३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक पदमा श्री सुनिल पौडेललाई नियुक्ति गर्ने ।

४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— स्वास्थ्य बीमा बोर्डको अध्यक्षमा उमा शंकर प्रसादलाई नियुक्त गर्ने।

५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— नेपाल नर्सिङ्ग परिषदको रजिष्ट्रार पदमा निमित्त रजिष्ट्रार श्री विन्दा घिमिरेलाई नियुक्त गर्ने ।

६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— प्रतिनिधी सभा, प्रदेश सभा र स्थानिय तहको निर्वाचनको समयमा घाईते भएका निर्मला कोईराला समेत २४ जना विरामीहरूको बील बमोजिमको उपचार खर्च विरामीहरू र बिरामीहरूको उपचार भएको अस्पतालहरूलाई सोधभर्ना गर्न जम्मा रकम रू २७,६०,२५५।- (सत्ताइस लाख साठी हजार दुई सय पचपन्न मात्र) अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निकासा दिने ।

७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— जनस्वास्थ्य सेवा विषयको व्यवस्था गर्न बनेको विधेयक, २०७५ सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीको जनस्वास्थ्य विज्ञ पदमा डा. कृष्णकुमार राईलाई नियुक्त गर्ने ।

९. Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (CAT) को आवधिक प्रतिवेदन" संयुक्त राष्ट्र संघमा पेश गर्न स्वीकृति दिने विषयको गृह मन्त्रालयको प्रस्ताव मिति २०७५।२।१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/२/२३ को मन्त्रिपरिषद्, सामाजिक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (CAT) को आवधिक प्रतिवेदन" मा उल्लिखित विषयहरू उपयुक्त भए नभएको विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री लक्ष्मणप्रसाद मैनाली,

परराष्ट्र मन्त्रालयका सचिव, गृह मन्त्रालयका सचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सम्मिलित टोलीले अध्ययन गरी पाँच दिनभित्र अन्तिम प्रतिवेदन पेश गर्ने ।

१०. भुक्तानी तथा फछ्र्यौट विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको अर्थ मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१६ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "भुक्तानी तथा फछ्र्यौट विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने।

११. उपभोक्ता संरक्षण सम्बन्धी कानून संशोधन, एकीकरण गर्न बनेको विधेयक, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१६ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "उपभोक्ता संरक्षण सम्बन्धी कानून संशोधन, एकीकरण गर्न बनेको विधेयक, २०७५" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

१२. यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्यलाई नियन्त्रण गर्ने विषयको व्यवस्था गर्न बनेको विधेयक, २०७५ संघीय संसद समक्ष पेश गर्न स्वीकृति दिने विषयको गृह मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१७ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई पेश भएबमोजिम उक्त विधेयक फिर्ता गर्ने ।

१३. नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गर्न स्वीकृति दिने विषयको गृह मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१६ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक" संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने।

१४. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१७ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७५" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

१५. वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृती दिने विषयको वन तथा वातावरण मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१६ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई परिमार्जन गरिएको "वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

१६. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) ऐन, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको वन तथा वातावरण मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१४

को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१६ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई पेश भएबमोजिम संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

१७. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार विषयको व्यवस्था गर्न बनेको विधेयक, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रस्ताव मिति २०७५।४।१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१६ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकमा छलफल भई पेश भएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार विषयको व्यवस्था गर्न बनेको विधेयक, संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

१८. भूकम्पबाट क्षतिग्रस्त सडक योजनाहरूको स्तरोन्नति गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने विषयको वन तथा वातावरण मन्त्रालयको प्रस्ताव मिति ०७५।३।३२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार २०७५/४/९ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट प्राप्त देहायबमोजिमको सुझावसमेत कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने ।

(क) पुनर्निर्माणमा प्रत्यक्ष सम्बन्धित काममा केन्द्रित भई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकिएका प्राथमिकताअनुसार पुनर्निर्माणको कार्य प्रभावकारी रूपमा अगाडि बढाउने ।

(ख) सडकलगायत निर्माणसम्बन्धी काम गर्दा सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गरेर मात्र गर्ने ।

१९. देहायका व्यक्तिहरूलाई उपचार खर्चबापत देहायबमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउने ।

(क) काठमाडौं म.न.पा.-४, चण्डोल, निवासी पीताम्बर आम्बुहाङलाई दश लाख रुपैयाँ ।

(ख) पूर्वमन्त्री श्री रामकृष्ण ताम्राकारलाई पन्ध्र लाख रुपैयाँ ।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**